ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ५ संख्याः ६ नगरसभाबाट पारित मितिः २०७९।०५।२६

प्रमाणिकरणः २०७९।०६।०४

प्रकाशन मितिः २०७९।०६।०७

## भाग-१

## ठाकुरबाबा नगरपालिका

## ठाकुरबाबा नगरपालिकाको सूचना !

ठाकुरबाबा नगरपालिकाको मिति २०७९।०५।२६ गतेको नगरसभाबाट पारित **"ठाकुरबाबा नगरपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन ऐन, २०७९"** ठाकुरबाबा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको हुंदा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

## ठाकुरबाबा नगरपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन ऐन, २०७९

**प्रस्तावना**

सरकारी, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, पूर्वाधार निर्माण, विकास, विपत् व्यवस्थापन तथा जलवायु अनुकूलन, खानेपानी तथा सरसफाई, वन तथा वातावरण संरक्षण, संस्थागत विकास तथा सुशासन, सहकारी संस्थाहरुको सवलीकरण तथा स्थानीय उत्पादनको बजारीकरण लगायतका कार्यक्रम वा आयोजना वा परियोजनाका लागि साझेदारीको माध्यमबाट सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वशुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको अनुसूची-८ मा अधिकारहरूको कार्यान्वयन साझेदारीको माध्यमबाट गर्न ठाकुरबाबा नगरपालिकाको विशेष नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम ‘‘ठाकुरबाबा नगरपालिकाको साझेदारी संचालन तथा व्यवस्थापन ऐन, २०७९’’ रहेको छ ।

(२) यो ऐन ठाकुरबाबा नगरसभाले पारित गरी स्थानिय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

(३) यो ऐन ठाकुरबाबा नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) ‘‘नगरपालिका’’ भन्नाले ठाकुरबाबा नगरपालिकालाई सम्झनुपर्छ ।

(ख) ‘‘कार्यक्रम’’ भन्नाले यस ऐनको दफा ३ बमोजिम नगरपालिकासँग साझेदारीमा संचालन गरिने कार्यक्रम सम्झनुपर्छ । सो शब्दले पूर्वाधार वा भौतिक संरचना निर्माणका सन्दर्भमा साझेदारीमा संचालन हुने आयोजना वा परियोजनालाई समेत बुझिन्छ ।

(ग) ‘‘लाभग्राही’’ भन्नाले यस ऐन बमोजिमको सेवा सुविधा उपभोग गर्ने व्यक्ति तथा समुदायलाई सम्झनु पर्छ ।

(घ) ‘‘प्रस्तावक’’ भन्नाले दफा ५ बमोजिम नगरपालिकासँग साझेदारीमा कार्यक्रम वा आयोजना वा परियोजना सञ्चालन गर्नका लागि प्रस्तावना पेश गर्ने वा आवेदन दिने व्यक्ति, कम्पनी, फर्म, राष्ट्रिय गैरसरकारी संस्था, सामुदायिक संस्था, सहकारी, अन्य संघ संस्थालाई सम्झनुपर्छ ।

(ङ) ‘‘स्थानीय सरकार’’ भन्नाले ठाकुरबाबा नगरपालिकालाई सम्झनु पर्छ ।

(च) ‘‘सम्झौता’’ भन्नाले कार्यक्रम वा आयोजना वा परियोजना कार्यान्वयन गर्न दफा ७ बमोजिम ठाकुरबाबा नगरपालिकाले प्रस्तावकसँग गरेको साझेदारी सम्झौता सम्झनु पर्छ ।

(छ) ‘‘साझेदारी’’ भन्नाले साझेदारीको अवधारणा अनुरुप कुनै पनि कार्यक्रम वा आयोजना वा परियोजनाको तर्जुमा, संचालन तथा व्यवस्थापनका साथै आँशिक वा पूर्ण रुपमा वित्तिय लगानी गर्ने गरी यस नगरपालिका र साझेदारबीच भएको करारीय प्रबन्ध सम्झनु पर्छ ।

(ज) ‘‘साझेदार’’ भन्नाले यस नगरपालिकासँग साझेदारी गरी दफा ३ बमोजिमको कार्यक्रम वा आयोजना वा परियोजना संचालन गर्नका लागि दफा ८ बमोजिम सम्झौता गर्ने प्रस्तावक सम्झनुपर्छ ।

(झ) ‘‘तोकिएको’’ वा ‘‘तोकिए बमोजिम’’ भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधी वा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ञ) ‘‘नगरसभा’’ भन्नाले नगरपालिकाको नगरसभा सम्झनुपर्दछ ।

ठाकुरबाबा नगरपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन ऐन, २०७९

(ट) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनुपर्दछ।

## परिच्छेद- २
## कार्यक्रमको पहिचान तथा स्वीकृति

**३. साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिने:** (१) यस नगरपालिकासँग मिलेर अल्पकालीन् तथा दीर्घकालीन् समयावधिको लागि लागत तथा प्राविधिक साझेदारीमा कार्यक्रम वा आयोजना वा परियोजना सञ्चालन गर्न सकिनेछ।

(२) यस ऐन बमोजिम संचालन हुने कार्यक्रम वा आयोजना वा परियोजना नगरबासीको जीवनस्तरमा सुधार ल्याउने, रोजगारी सृजना गर्ने तथा गरिबी निवारण गर्न उन्मुख हुनुपर्ने छ।

(३) नगरपालिकाले सञ्चालन गर्ने कार्यमा लागत न्यूनीकरण गरी भौतिक, आर्थिक तथा मानव स्रोत र साधनको अधिकतम उपयोग र प्रभावकारी परिचालन गर्ने।

(४) साझेदारीमा कार्यक्रम वा आयोजना वा परियोजना संचालन गर्नका लागि पहिचान भएका क्षेत्रहरूमा आवश्यक थप विषयगत प्राविधिक दक्षता भएका साझेदारहरूसँग सहकार्य गर्ने।

(५) बृहत् पूर्वाधार र ठुला आयोजनाको लागि स्रोत सुनिश्चित गर्ने।

(६) असल अभ्यास र अनुभवहरूको आदान प्रदान गर्ने।

(७) साझेदारीमा संचालन गरिने कार्यक्रम वा आयोजना वा परियोजनाको विषयगत क्षेत्र यस नगरपालिकाले तोके बमोजिम हुनेछ।

**४. साझेदारीमा संचालन गरिने कार्यक्रम वा आयोजना वा परियोजनाका विशेषताहरू** : यस नगरपालिकासँग गरिने साझेदारीका कार्यक्रम वा आयोजना वा परियोजनामा देहाय बमोजिमका विशेषताहरू हुनुपर्नेछ :-

(क) साझेदारले कम्तीमा २५ प्रतिशत लागत साझेदारी गरेको,

(ख) साझेदारलाई दीगो सामुदायिक विकास कार्यक्रम, पूर्वाधार निर्माण, विकास तथा मर्मत लगायतका कार्यहरु गर्ने गरी जिम्मेवारी दिइएको वा व्यवस्थापनका लागि सम्झौता भएको,

(ग) कार्यान्वयन अवधि स्पष्ट भएको।

(घ) आवश्यक अन्य कुराहरू।

**५. कार्यक्रम पहिचान तथा कार्यान्वयनका लागि प्रस्ताव आह्वान तथा छनौट प्रकृयाः**

(१) नगरपालिकाले यस ऐन बमोजिम नगरसभाले स्वीकृत गरेका वा कार्यपालिकाले आवश्यकता महशुस गरेका साझेदारको लागत तथा प्राविधिक सहयोग आवश्यकता पर्ने एक वर्षीय वा बहुवर्षीय कार्यक्रम वा आयोजना वा परियोजनाहरू पहिचान गर्नेछ।

(२) नगरपालिकाले स्वीकृत साझेदारी कार्यक्रम वा आयोजना वा परियोजना कार्यान्वयनका लागि सार्वजनिक सूचना प्रकाशन गरी आशयपत्र आह्वान गर्नुपर्नेछ । उक्त सूचनामा देहायका विवरण खुलाउनु पर्नेछ :-

क) आशयपत्र पेश गर्ने कार्यालय वा निकाय,

ख) आशयपत्र पेश गर्ने अवधि,

ग) आशयपत्रमा खुलाउनुपर्ने विवरण,

घ) आशयपत्र साथ संलग्न गर्नुपर्ने कागजातहरू,

ङ) प्रस्तावकको प्राविधिक तथा आर्थिक क्षमता,

च) आवश्यक अन्य विवरण ।

(३) उपदफा २ बमोजिम आशय पत्र प्राप्त भएपछि तोकिए बमोजिमको आधारमा मूल्यांकन गरी तोकिएको प्रक्रिया बमोजिम प्रस्तावकहरूको संक्षिप्त सूची तयार गर्नुपर्नेछ ।

(४) संक्षिप्त सूचीमा परेका प्रस्तावकहरूसँग तोकिए बमोजिमका विषयहरू खुलाई सूचनामा उल्लेखित अवधीभित्र तोकिएको ढाँचामा प्रस्ताव आह्वानको लागि सुचना प्रकाशित गर्नेछ ।

(५) प्रस्ताव आह्वानको सूचनाको ढाँचा, आवेदन पत्र तथा प्रस्तावको ढाँचा तोकिए बमोजिम हुनेछ ।

(६) नगरपालिकाले तोकिए बमोजिमको मूल्यांकन समिति गठन गरी तोकिएको अवधिभित्र तोकिएको दफा ७ (१) र उपदफा ८ (अ) बमोजिम प्राप्त प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्यांकन देहायका आधारमा गरी प्रस्ताव छनौट गर्नुपर्नेछ :-

(क) प्रस्तावकको आर्थिक हैसियत,

(ख) प्रस्तावकले तोकिएको समयमा निर्माण सम्पन्न गर्ने आधार सहितको प्राविधिक प्रस्ताव,

(ग) परियोजना वा कार्यक्रमको वातावरणीय अध्ययन प्रतिवेदन,

(घ) नगरपालिकालाई बुझाउने प्रस्तावित रोयल्टी रकम,

(ङ) परियोजना वा कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्तासँग लिने प्रस्तावित शुल्क,

(च) प्रविधिको नौलोपन र स्थानीय रोजगारीको अवसर वृद्धि,

(छ) तोकिए बमोजिमका अन्य विवरण ।

(७) प्राविधिक प्रस्तावमा सफल भएका प्रस्तावदाताहरुको मात्र आर्थिक प्रस्ताव खोली मूल्याङ्कन गरिनेछ ।

(८) **आह्वान नगरिएको प्रस्ताव :** (अ) दफा ५ को उपदफा १ देखि ५ सम्म जुनसुकै कुरा लेखिएको भएतापनि कुनै लगानीकर्ता स्वयंले कुनै परियोजना वा कार्यक्रम सार्वजनिक निजी साझेदारीको माध्यमबाट कार्यान्वयन गर्ने उद्देश्यले देहायका विवरण उल्लेख गरी तोकिए बमोजिमको आधार, दस्तुर र ढाँचामा प्रस्ताव पेश गर्न सक्नेछ :-

(क) परियोजना वा कार्यक्रमको विवरण,

(ख) प्रस्तावकको प्राविधिक तथा वित्तीय क्षमता सहितको विवरण (प्रोफाइल),

ठाकुरबाबा नगरपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन ऐन, २०७९

(ग) परियोजना वा कार्यक्रमको प्रारम्भिक सम्भाव्यता अध्ययन प्रतिवेदन भए त्यस्तो प्रतिवेदन,

(घ) प्रस्तावित व्यावसायिक योजना,

(ङ) परियोजना वा कार्यक्रममा प्रयोग हुने प्रविधि,

(च) परियोजना वा कार्यक्रमबाट प्राप्त हुने सम्भावित लाभको विवरण ।

(आ) उपदफा (८) को खण्ड (अ) बमोजिमको प्रस्ताव मूल्याङ्कन समितिको सिफारिसको आधारमा सो परियोजना वा कार्यक्रमको अध्ययन तथा सर्वेक्षण अनुमति वा परियोजना वा कार्यक्रम विकास वा सञ्चालनको लागि तोकिएको प्रक्रिया पूरा गरी तोकिए बमोजिमको ढाँचामा कार्यपालिकाको निर्णय गरी इजाजतपत्र प्रदान गर्न सकिनेछ । त्यस्तो प्रस्तावलाई मूल्याङ्कन गर्दा सार्वजनिक, निजी वा सहकारीवा गैरसरकारी संस्थाको साझेदारीमा निर्माण हुने परियोजना वा कार्यक्रम प्रतिस्पर्धाको आधारमा अगाडि बढाउँदा लाभदायी हुने देखिएमा सोही प्रस्तावलाई तोकेको प्रक्रिया बमोजिम प्रतिस्पर्धा गराउन सक्नेछ ।

(इ) उपदफा (८) को खण्ड (अ) बमोजिमको प्रस्ताव उपर वार्ता गर्दा प्रस्तावक बाहेक अन्य कुनै प्रस्तावकको प्रस्ताव स्वीकृत भएमा स्वीकृत भएको प्रस्तावकर्ताबाट उपदफा (८) बमोजिमको प्रस्तावकलाई तोकिए बमोजिमको परियोजना विकासको क्रममा भएको प्रारम्भिक खर्च र अध्ययन तथा विकासको क्रममा नगरपालिकाको कुनै खर्च भएको अवस्थामा सो समेत सोधभर्ना तोकिए बमोजिम उपलब्ध गराउन सकिनेछ ।

(९) यस सम्बन्धी अन्य कुराहरु तोकिए बमोजिम हुनेछ ।

**६. कार्यक्रमको कार्यान्वयन तथा व्यवस्थापनः**

(१) नगरपालिकाले यस ऐन बमोजिम कार्यक्रम वा आयोजना वा परियोजनाको व्यवस्थापन, समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्नको लागि विभिन्न समिति, उप-समिति तथा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन गरिएका समिति, उप-समिति तथा कार्यदलका पदाधिकारी, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) कार्यक्रम वा आयोजना वा परियोजना कार्यान्वयनको क्रममा नगरपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका वा मापदण्ड बनाई अनुदान उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद -३

## साझेदारी सम्झौता सम्बन्धी व्यवस्था

**७. सम्झौता गर्नेः** (१) नगरपालिकाले दफा ५ को उपदफा (६) मा उल्लेख भएको मूल्यांकन समितिको सिफारिश बमोजिम र प्रस्ताव स्वीकृति पश्चात् प्रस्तावकसँग आवश्यकता अनुसार वार्ता गरी देहायका कुरा उल्लेख गरी साझेदारी सम्झौता गर्नेछ :-

(क) परियोजना वा कार्यक्रमको विवरण,

(ख) परियोजना वा कार्यक्रम कार्यान्वयन शुरु गर्ने मिति र सम्पन्न गर्ने मिति,

(ग) परियोजना वा कार्यक्रमको निर्माण वा सञ्चालन गर्दा साझेदारले पाउने सुविधा तथा सहुलियत सम्बन्धी कुरा,

(घ) सम्झौताको अवधि,

(ङ) जोखिमको बाँडफाँड र परियोजना वा कार्यक्रम अवधिमा जोखिम व्यवस्थापन गरिने विधि, कार्यसम्पादनमा आधारित भुक्तानी सम्बन्धी व्यवस्था, कार्यसम्पादनका मूल्यांकनका वस्तुगत आधार र मापदण्ड,

(च) परियोजना वा कार्यक्रम कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका,

(छ) परियोजना वा कार्यक्रमको प्राविधिक गुणस्तर तथा स्टाण्डर्ड,

(ज) परियोजना वा कार्यक्रम सञ्चालन सम्बन्धी विवरण,

(झ) परियोजना वा कार्यक्रम लिजमा दिइएको भए सोको विवरण र लिजका शर्तहरु,

(ञ) परियोजना वा कार्यक्रमको सञ्चालन वा हस्तान्तरणको शर्त,

(ट) परियोजना वा कार्यक्रम सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने शुल्क सम्बन्धी व्यवस्था,

(ठ) परियोजना वा कार्यक्रमको बीमा सम्बन्धी व्यवस्था,

(ड) परियोजना वा कार्यक्रममा जडित मेशिन तथा परियोजना वा कार्यक्रम हस्तान्तरणका बखत हुनु पर्ने अवस्था र गुणस्तर,

(ढ) नगरपालिकालाई बुझाउनु पर्ने रोयल्टी र भुक्तानी विधि,

(ण) परियोजना वा कार्यक्रम कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौता बमोजिमको दायित्व पूरा नगरेको कारणबाट सम्झौता रद्द हुने अवस्था,

(त) परियोजना वा कार्यक्रममा नगरपालिकाको कुनै लगानी हुने भए त्यस्तो लगानी र सो बापत नगरपालिकाले प्राप्त गर्ने प्रतिफल,

(थ) जग्गा प्राप्ति सम्बन्धी व्यवस्था,

(द) थप परियोजना वा कार्यक्रम अध्ययन तथा सञ्चालन गर्न दिने भए सो सम्बन्धी व्यवस्था,

(ध) सब-लिज गर्न सक्ने भए सो सम्बन्धी शर्त तथा अन्य व्यवस्था,

(न) परियोजना वा कार्यक्रम हस्तान्तरण गर्ने भएमा त्यस्तो निकाय,

(प) अन्य आवश्यक कुराहरु ।

(२) उपदफा (१) बमोजिम गरिएको सम्झौताको ढाँचा सम्झौता गर्ने पक्षहरूले कार्यान्वयन गर्न लागिएको कार्यक्रम वा आयोजना वा परियोजनाको आवश्यकता अनुसार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## साझेदारी कार्यक्रमको वित्तीय व्यवस्थापन, प्रगति प्रतिवेदन तथा भुक्तानी

**८. वित्तीय व्यवस्थापन, प्रगति प्रतिवेदन तथा भुक्तानी** (१) साझेदारी कार्यक्रम वा आयोजना वा परियोजनाको प्रकृति र आवश्यकता अनुसार भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन तथा बिल भर्पाइ सम्झौतामा तोकिए बमोजिमको ढाँचा र समयमा पेश गर्नुपर्नेछ ।

(२) साझेदारी कार्यक्रम वा आयोजना वा परियोजनाको भुक्तानी गर्ने समय तथा प्रकृया दफा ७ अनुसार सम्पन्न गरिएको साझेदारी सम्झौता पत्रमा तोकिए बमोजिम हुनेछ ।

ठाकुरबाबा नगरपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन ऐन, २०७९

९. **कार्यक्रम अनुगमन तथा मूल्याङ्कनः** सम्झौता गरी कार्यक्रम वा आयोजना वा परियोजनाको कार्यान्वयन गर्दा दफा ६(२) बमोजिम गठन भएका समिति, उप-समिति तथा कार्यदलले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ वा विषेशज्ञ मार्फत् पनि गराउन सकिनेछ।

ठाकुरबाबा नगरपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन ऐन, २०७९

## परिच्छेद-५

## विविध

१०. **अन्तर सरकारी साझेदारी हुन सक्ने :** (१) संघ वा प्रदेश र नगरपालिका वा संघ, प्रदेश र नगरपालिकाबीच कुनै आयोजना वा कार्यक्रम कार्यान्वयनका लागि साझेदारी वा संयुक्त व्यवस्थापन हुन सक्नेछ।

(२) संघ वा प्रदेशको सशर्त वा समपूरक वा कुनै विशेष आयोजना वा कार्यक्रमहरुको कार्यान्वयनका लागि वा त्रिपक्षीय आयोजनाको कार्यान्वयनका लागि संघ वा प्रदेश वा प्रचलित कानून बमोजिम नगरपालिकाबीच साझेदारी हुनेछ।

(३) जिल्ला समन्वय समिति र नगरपालिकाबीच समेत कुनै आयोजना वा कार्यक्रम कार्यान्वयनका लागि प्रचलित कानून बमोजिम साझेदारी हुन सक्नेछ।

(४) साझेदारीका लागि नगरपालिकातर्फको रकमको हिस्सा नगरसभाले विनियोजन गर्नु पर्नेछ।

(५) साझेदारीका आयोजनाहरुको छनौट, सञ्चालन, अनुगमन, खर्च विधि, कार्य प्रगति प्रतिवेदन, लेखापरीक्षण लगायतका कार्यहरु उक्त आयोजनाहरुका सम्बन्धमा संघ वा प्रदेशले बनाएको कानून बमोजिम हुनेछ। त्यस्ता कानून नबनेको अवस्थामा आपसी समझदारी वा सम्झौताका आधारमा हुन सक्नेछ।

११. **नगरपालिका र अन्य स्थानीय तहबीच साझेदारी वा संयुक्त व्यवस्थापन हुन सक्ने :** (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २६ मा उल्लिखित देहायका विषयका आयोजना वा कार्यक्रमका लागि नगरपालिका र अन्य स्थानीय तहबीचमा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहलाई मध्यनजर गरी आपसी साझेदारी, सम्झौता वा संयुक्त व्यवस्थापनमा हुन सक्नेछ :-

(क) बृहत्तर पूर्वाधार निर्माण, ठूला मेसिन तथा औजार खरिद र व्यवस्थापन,

(ख) विपद् व्यवस्थापन,

(ग) यातायातको सञ्चालन तथा व्यवस्थापन,

(घ) फोहोरमैला विर्सजनस्थल वा प्रशोधन प्रणालीको विकास र सञ्चालन,

(ङ) दमकल तथा एम्बुलेन्स सेवाको सञ्चालन,

(च) बस्ती विकास तथा भू-उपयोग योजना,

(छ) पर्यटन, प्रविधि तथा संस्कृतिको प्रवर्द्धन र विकास,

(ज) संयुक्त उद्यम,

(झ) आधारभूत तथा माध्यमिक तहको प्राविधिक शिक्षाको सञ्चालन, प्रवर्द्धन र विकास,

(ञ) स्थानीय बजार व्यवस्थापन र वातावरण संरक्षण,

(ट) अन्तरस्थानीय तह भगिनी सम्बन्ध,

(ठ) असल अभ्यास र अनुभवको आदान प्रदान,

(ड) भौतिक तथा आर्थिक सहयोग,

(ढ) अन्य उपयुक्त विषय ।

(२) उपदफा (१) बमोजिमका विषयका आयोजनाको लागि प्रारम्भिक तथा विस्तृत परियोजना अध्ययन, सर्वेक्षण, आसयपत्र, प्रस्ताव आह्वान, प्रस्ताव मूल्याङ्कन तथा छनौट, प्रस्तावक/अनुमति प्राप्त व्यक्तिसँग सम्झौता, लगानीको हिस्सा, कार्यान्वयन विधि, रकम भुक्तानी, खर्चको अभिलेख, अनुगमन तथा मूल्याङ्कन, प्रगति प्रतिवेदन, लेखापरीक्षण, साझेदारीको ढाँचा, संयुक्त व्यवस्थापनको ढाँचा, सम्झौताको ढाँचा लगायत थप अन्य विषयहरुको टुङ्गो आपसी छलफल, वार्ता, समझदारीका माध्यमबाट हुनेछ ।

**१२. <u>विवादको समाधानः</u>** (१) कार्यक्रम वा आयोजना वा परियोजना सञ्चालन गर्ने सम्बन्धमा नगरपालिका र साझेदारबीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद आपसी समझदारीबाट तीस दिनभित्र समाधान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आपसी समझदारीबाट विवाद समाधान नभएको खण्डमा सम्झौतामा उल्लेख भएको हकमा सोही बमोजिम र उल्लेख नभएको अवस्थामा प्रचलित कानून बमोजिम हुनेछ ।

**१३. <u>स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नुपर्ने</u>** : साझेदारले कार्यक्रम कार्यान्वयनको सिलसिलामा सम्भव भएसम्म स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोग गर्नु पर्नेछ ।

**१४. <u>नियम बनाउने अधिकारः</u>** यस ऐनमा व्यवस्था भएका प्रावधानहको कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**१५. <u>कार्यविधि तथा निर्देशिका बनाउन सक्नेः</u>** यस ऐनमा व्यवस्था भएका प्रावधानको कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ ।

**१६. <u>संशोधन तथा हेरफेरः</u>** यस ऐनको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

**१७. <u>बाधा अड्काउ फुकाउन र व्याख्या गर्न सक्नेः</u>** यस ऐनको कार्यन्वयनमा कुनै समस्या उत्पन्न भएमा बाधा अड्काउ फुकाउने र व्याख्या गर्ने अधिकार नगरपालिकामा निहित हुनेछ ।

**<u>आज्ञाले</u>**

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत